कीर्तिपुर नगरपालिका
प्रिय नगरबासिहरू
भींगु किपू स्वच्छ किपू
# नगर सन्देश
नगर सन्देश वा:पौ (साप्ताहिक)
कीर्तिपुर नगरपालिकाको बुलेटिन
वर्ष १ ● अङ्क ३९ ● ने.सं. ११४० गुंलागा ७ (सप्तमि) ● वि.सं. २०७७ साउन २६ गते, सोमबार ● 2020 August 10, Monday ● पृष्ठ ८
अनलाइन संस्करण

# विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूसँग संयुक्त बैठक सम्पन्न



कीर्तिपुर नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूका प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू र कीर्तिपुर नगरपालिका पदाधिकारीबीचको संयुक्त बैठक नगरपालिकाको नयाँ भवन अमल्सिमा हिजो साउन २५ गते आइतबारका दिन सम्पन्न भएको छ।

बैठकमा सम्बोधन गर्नुहुँदै नगर प्रमुख रमेश महर्जनले कोभिड-१९ को महामारीले शिक्षा क्षेत्रमा चुनौतीहरू मात्र होइन अवसर पनि सिर्जना गरेको बताउनुभयो । प्रत्यक्ष कक्षामा अध्ययन अध्यापन तत्काल सम्भव नभएकोले विद्यालयहरूले आ-आफ्नो ठाउँ परिस्थिति र क्षमताअनुसार सम्भव भएजति वैकल्पिक शिक्षण सिकाइका उपायहरू खोजी गरी अगाडि बढ्न सके नसोचेको परिणाम आउने अवस्था देखिएको कुरामा जोड दिनुहुँदै नगर प्रमुख महर्जनले प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूलाई अन्यत्र जुनसुकै विद्यालयमा पहिले अध्ययन गरेको भए तापनि कीर्तिपुरमा बसोबास गर्ने सबै विद्यार्थीहरूलाई आफ्नै ठानेर प्रभाव देखाउन निर्देशन दिनुभयो । यसो गर्न सके ती विद्यार्थीहरू पढ्नको लागि टाढा नगई सामुदायिक विद्यालय तर्फ नै आकर्षित हुने कुरा बताउनु भयो । नगर प्रमुख महर्जनले नगरपालिकाले सामुदायिक विद्यालयमा विद्यार्थीहरू आकर्षित गर्न अंग्रेजी, गणित तथा विज्ञान जस्ता विषयहरू पूर्ण अंग्रेजी माध्यममा अध्यापन गर्ने नीति लिएकोले यसका लागि तयार हुन र आवश्यक तालिम नगरपालिकाले दिने समेत बताउनुभयो । नगरपालिकाको शिक्षकलाई यस असहज परिस्थितिमा प्रयोग हुने अत्याधुनिक शिक्षण प्रविधिमैत्री बनाउने योजना रहेको हुँदा इच्छुक शिक्षकको नामावली तयार गर्न शिक्षा शाखालाई निर्देशन दिनुभयो । नगर उप-प्रमुख सरस्वती खड्काले विद्यालयहरूले हतारिएर विद्यालय खोल्दा भोलि समस्या आउन सक्ने भएकोले विद्यालय, स्थानीय तह सबैले राज्यले अवलम्बन गरेको नीति अँगाल्दै हाललाई सम्भव भएका, प्रयोगमा देखिएका सबै वैकल्पिक उपायहरू प्रयोगमा ल्याउन शिक्षकहरू दत्तचित्त भएर लाग्नुपर्नेमा जोड दिनुहुँदै सहभागी सबैलाई धन्यवाद् दिनुभएको थियो । देश लकडाउन बन्दाबन्दीको अवस्था र लकडाउन खुकुलो भइसकेपछि सामुदायिक विद्यालयहरूले सम्पन्न गरेका तथा गरिरहेका क्रियाकलाप तथा गतिविधिहरू प्रधानाध्यापकहरूले प्रस्तुत गर्नुभएको थियो भने अध्यक्षहरूले नगरपालिकाले यो समयमा उपलब्ध गराउनु पर्नेसुविधाहरूको बारेमा चर्चा गर्नुभएको थियो।

नगरपालिकाका लेखा प्रमुख मित्र प्रसाद घिमिरेले आफू पनि विगतमा शिक्षक भएर काम गरिसकेको हुँदा शिक्षकलाई समयमै तलब उपलब्ध गराउने नगर प्रमुखको निर्देशन अनुसार काममा सदा अग्रसर रहँदै आएको कुरा बताउनु हुँदै विद्यालयका प्रधानाध्यापक तथा लेखा कर्मचारीहरूलाई लेखा, कर तथा सार्वजनिक खरिद प्रक्रिया सम्बन्धमा तालिम दिने नगरपालिकाको योजना रहेको उल्लेख गर्नुभयो।

विद्यालय सुपरीवेक्षक जुजुभाइ महर्जनले नगरपालिकाद्वारा सञ्चालित रेडियो शिक्षा कार्यक्रम सबैको सहयोगमा प्रथम चरण पूरा भई साउन २५ गते देखि हरेक दिन बिहान ७:३० बजेबाट दोश्रो चरणको कार्यक्रम शुरु भएको हुँदा विव्यस पदाधिकारी, प्र.अ., शिक्षक, शिक्षासेवी, समाजसेवीदेखि नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी समेतले विद्यार्थीवर्गलाई उत्प्रेरित गरी सहयोग पुऱ्याउन आग्रह गर्नुभएको थियो। महर्जनले रेडियो शिक्षा इन्टरनेटको पहुँच भएका र नभएका विद्यार्थीलाई समेत मिल्ने गरी तयार गरिएको हुँदा नगरभित्रका मात्र नभै देशभरीका विद्यार्थीहरूले समेत सुन्न सकिने कुरामा जोड दिनुभयो।

नगरपालिकाका कार्यवाहक प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा शाखा प्रमुख टङ्कलाल गैरेले नगरपालिकाले यो असहज समयमा समग्र बजेटको आकारमा सङ्कुचन आए तापनि शिक्षाको बजेट घटन नदिएको बरु बढाएको र शिक्षाको बिकासका लागि कुनै कसर बाँकी नराख्ने कुरामा जोड दिनुभयो । शिक्षा शाखाका शाखा अधिकृत गोबिन्द प्रसाद निरौलाले सञ्चालन गर्नुभएको थियो।

## सम्पादकीय

# नेपालमा भित्रियो खाद्य सडकको अवधारणा

नेपालमामात्र हैन संसार भर नै सडकको सुन्दरता र प्रदुषण नियन्त्रण तथा न्यूनीकरणका लागि सडकको दायाँबायाँ तथा सडक पेटीमा मौसमअनुसार फुलफूल्ने वा हरियाली प्रबर्द्धन हुने किसिमका बोटविरुवा लगाउने चलन रहेको छ। यसै अवधारणा अनुसार काठमाडौं उपत्यकालगायतका सहरी सडकहरूमा पराम्परागत रुपमा बर, पिपल, लहरे पिपल, शिरिष, मसला, काँगियो, कल्की, अशोक, धुपी, कपुर, असारेफूल, नीलकाँडा लगायतका बोटविरुवा लगाइएको हामीले देख्दै आएका छौं। जसले एकातिर सडकको सुन्दरता बढाएको छ भने अर्को तर्फ सडक सुरक्षा र गर्मीको समयमा सडक यात्रुहरूलाई छहारी पनि प्रदान गरेको छ।

यसै क्रममा कीर्तिपुर नगरपालिकाले आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रममा यसरी सडकमा हरियाली बढाउने र सो सडक हरियालीमार्फत सहरको सुन्दरतासमेत अभिवृद्धि गर्ने अवधारणामा परिवर्तन गर्ने नीति अवलम्बन गर्ने नीति अगाडि सारेको छ। यस अन्तर्गत अब कीर्तिपुर नगरपालिकाले नेपालमै पहिलो पटक खाद्य सडककोअवधारणा अगाडि सारी लागु गरेको छ। खाद्य सडकको अवधारणा लागु गर्न नेपाल राष्ट्रिय वनस्पति उद्यान, गोदावरीले सहयोगी हात अगाडि बढाएको छ। जसअनुसार सो उद्यानले कीर्तिपुर नगरपालिकाका सडकहरूमा खाली हरियाली र सहरी सौन्दर्य बढाउने एवम् प्रदुषण न्यूनीकरण गर्ने किसिमका मात्र नभई सडक किनारा तथा सडक पेटीहरूमा लगाइने विरुवा खाने प्रयोजनमा पनि उपयोगी रहने विरुवाप्रदान गरेको छ। गत साउन १५ गते बिहीबारका दिन कीर्तिपुर नगरपालिका वडा नं. ४ र ९ मा पर्ने सडक ढल्पादेखि फय्खानगर हुँदै गाम्चा जाने बाटोमा कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्का, नेपाल राष्ट्रिय वनस्पति उद्यानका प्रमुख दिपक लामिछाने, वडा अध्यक्षहरू लगायत नगरपालिकाका कर्मचारी, जनप्रतिनिधि, राजनैतिक दलका नेता तथा कार्यकर्ता र ठूलो सङ्ख्यामा उपस्थित जनसमुदायले तेजपात, टिमुर जस्ता मसला तथा जडिबुटीजन्य विरुवा रोपेर यो खाद्य सडकको अवधारणा कीर्तिपुरमा प्रारम्भ गरेका छन्। जुनकार्य आफैमा प्रशंसनीय र ऐतिहासिक समेत रहेको छ। यस्ता खाद्य सडकको अवधारणा लागु गर्ने र त्यसबाट भविष्यमा आर्थिक लाभ समेत लिने सन्दर्भमा कीर्तिपुर नगरपालिकाले सो दिनदेखि सडक किनारा तथा सडक पेटीमा त्यस्ता बोट विरुवा लगाउने कार्य लगातार अगाडि बढाएको छ।

अन्त्यमा, फेरि एक पटक कीर्तिपुर नगरपालिका नेपालका स्थानीय सरकारको लागि उदाहरण बनेको छ। यस अवधारणा अनुसार रोपिएका बोट विरुवाको सुरक्षामा विशेष ध्यान दिन नगरपालिका र जनसमुदायमा हार्दिक अनुरोध गर्दै कीर्तिपुर नगर सन्देश परिवार यसका निमित्त लागि पर्ने र सहयोग गर्नुहुने नगर प्रमुखलगायत सम्पूर्ण जनप्रतिनिधिहरू, राजनैतिक दलका नेताहरू, कीर्तिपुर नगरपालिकामा कार्यरत कर्मचारीहरू, राष्ट्रिय वनस्पति उद्यानलाई हार्दिक धन्यवाद् ज्ञापन गर्दछ।

# नेपालमा कोरोना सङ्क्रमण अर्थतन्त्र र अवसर - १

**केदार बुढाथोकी**

कोरोना सङ्क्रमण नेपाल लगायत विश्वका सबै देशहरूमा दिनप्रतिदिन बढ्दै गइरहेको छ। सङ्क्रमणको दरसँगै मृत्यु दर पनि बढ्दै गइरहेको छ। आजसम्म विश्वमा कोरोना सङ्क्रमितको सङ्ख्या २ करोड २६ लाख १ सय ८६ रहेको छ। मृत्यु सङ्ख्या ७ लाख २४ हजार २० र सङ्क्रमणबाट निको हुनेको सङ्ख्या १ करोड २९ लाख ६ सय ६१ रहेको छ। नेपालमा भने कूल सङ्क्रमित सङ्ख्या २२ हजार ९ सय ७२ मध्ये मृत्यु सङ्ख्या ७५ पुगेको छ। सङ्क्रमणबाट निको हुनेको सङ्ख्या १६ हजार ३ सय ५३ रहेको छ। यसले के पुष्टि गर्छ भने कोरोनाको प्रभाव बढ्दो क्रममा रहेको छ। यसले समग्र स्वास्थ्य अवस्थाको साथै देशको अर्थतन्त्र र रोजगारीमा प्रत्यक्ष प्रभाव पारेको छ।

आज नेपालमा १ सय २० दिनको लामो लकडाउन पछि अर्थतन्त्रलाई सञ्चालन गर्न सामाजिक तथा भौतिक दुरी र आवश्यक सजकता अपनाई अर्थतन्त्रलाई सुचारु गर्ने प्रयास समेत भएको छ। तर पुनः सङ्क्रमण दर बढदै जाँदा विभिन्न सङ्क्रमित स्थान सिल र सटडाउन पनि हुन थालेको छ। पुनःलकडाउन हुन सक्ने सम्भावना बढेको छ। नेपालमा उद्योगका कर्मचारी नै कोरोना सङ्क्रमणबाट मृत्यु पश्चात उक्त उद्योग नै सिल गर्नु पर्ने अवस्था समेत आएको छ। विभिन्न क्षेत्र उद्योग प्रतिष्ठान व्यापारिक क्षेत्र अस्पताल लगायतमा बढ्दो दरमा सङ्क्रमण हुँदै गर्दा सबै उद्योग व्यवसाय र प्रतिष्ठान र व्यापारिक क्षेत्रहरू सिल गरी बन्द गर्नुपर्ने अवस्था आएको छ। यसले नेपालको अर्थतन्त्रलाई प्रत्यक्ष नकारात्मक असर पारेको छ।

### मेरो धारणा

कोरोना कै कारण उद्योग व्यवसाय सङ्कटतर्फ उन्मुख हुँदा रोजगारीको अवसर बाट जनता विमुख हुनु पर्ने वाध्यता छ। त्यस्तै विश्वव्यापी कोरोना सङ्क्रमणबाट विदेशमा रोजगारी गुमेर स्वदेश फर्कने युवाहरूको सङ्ख्या पनि उल्लेख्य हुने अवस्था देखिन्छ।



नेपालको अर्थतन्त्रमा पनि कोरोना सङ्क्रमणले असर पार्दै गएको छ। आर्थिक वर्ष २०७६/०७७ मा सरकारले ११ खर्ब १२ अर्ब रुपैंया राजश्व सङ्कलन लक्ष राखेको थियो। जुन पूरा हुन सकेन। त्यस्तै विश्वव्यापी १४ प्रतिशतले रेमिट्यान्स आप्रवाह न्यून हुने देखिन्छ। यसको एक महत्त्वपूर्ण कारण कोरोनाको सङ्क्रमण नै हो। कोरोना कै कारण उद्योग व्यवसाय सङ्कटतर्फ उन्मुख हुँदा रोजगारीको अवसरबाट जनता विमुख हुनु पर्ने वाध्यता छ। त्यस्तै विश्वव्यापी कोरोना सङ्क्रमणबाट विदेशमा रोजगारी गुमेर स्वदेश फर्कने युवाहरूको सङ्ख्या पनि उल्लेख्य हुने अवस्था देखिन्छ। यसले गर्दा देशको अर्थतन्त्रमा ठूलो नकारात्मक असर देखिएको छ भने आगामी दिन हाम्रा लागि थप चुनौतिपूर्ण हुन सक्ने अवस्था छ। व्यापार व्यवसाय उद्योग कलकारखाना बन्द हुँदा बढ्ने बेरोजगार, विदेशबाट रोजगार गुमाएर स्वदेश फर्केका युवा र नियमित उत्पादन हुने युवा बेरोजगारीले नेपालमा रोजगारीको ठूलो सङ्कट हुने सम्भावना बढेको छ। यसले आजको सङ्कटमा परेको अर्थतन्त्र पुनः आगामी दिनमा थप सङ्कटतर्फ उन्मुख हुने निश्चित प्रायः छ। हाम्रो देशको अर्को सम्भावना बाकेको क्षेत्र पर्यटन व्यवसाय जसले रोजगारी देखि विदेशी मुद्रा आर्जन गर्न सक्ने बलियो आधारलाई कोरोनाले तहसनहस पारेको छ। यसले पनि अर्थतन्त्र ओरालो लाग्नमा बल पुग्ने देखिन्छ।

***क्रमशः***

*(लेखक कीर्तिपुर नगरपालिकाका रोजगार संयोजक हुन्।)*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीनपामा भू-सेवा केन्द्र सञ्चालन हुने



कीर्तिपुर नगरपालिकामा अब भू-सेवा केन्द्र स्थापना भई सञ्चालन हुने भएको छ। यस सम्बन्धी अनुमति पत्र गत साउन २१ गते बुधाबारका दिन मालपोत कार्यालय कलंकीका प्रमुख अधिकृत टेकराज अर्यालले कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनलाई हस्तान्तरण गर्नुभयो।

मालपोत नियमावली, २०३६ नियम २३ क बमोजिम भू-सेवा केन्द्र सञ्चालन गर्न कीर्तिपुर नगरपालिकालाई यो अनुमति पत्र दिइएको हो । मालपोल कार्यालय कलंकीमा भू-सम्बन्धी घरजग्गा पास, नामसारी, फुकुवा आदि कामहरू गर्न हाल सबै ईन्टरनेटबाट हुने भएकोले त्यस्ता कामहरू सजिलो गर्नका लागि स्थानीय सरकार (नगरपालिका)मा यस सेवा सञ्चालन गर्न लागेको हो । यसका लागि सेवाग्राहीले आफूलाई चाहिने सेवाको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ र सोको आधारमा निश्चित शुल्क लिई नगरपालिकाले सबै विवरण भरेर त्यसको प्रिन्ट (टोकन) उपलब्ध गराइनेछ। सोही प्रिन्ट (टोकन) लिएर सोझै मालपोत कार्यालय कलंकीमा गइ आफ्नो काम सम्पन्न गर्न सकिनेछ। यस भन्दा पहिले यस्ता कामहरू गर्न विभिन्न लेखापढी वा लेखन्दासहरूकहाँ सेवाग्राहीहरू पुग्थे भने अबदेखि त्यहाँ जान नपर्ने भएकोले सेवाग्राहीहरूको समय र पैसा समेत बचत हुने कुरा बताइएको छ।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उप-प्रमुख सरस्वती खड्का, नि.प्र.प्र.अ. टंकलाल गैरे, ले.अ.(कलंकी मालपोत) ताराप्र. पोखरेल, क.अ. (कलंकी मालपोत) केशव खतिवडा, ले.अ.(की.न.पा.) मित्र प्रसाद घिमिरे, शा.अ. (की.न.पा.) जनक थापा, ई. (नक्सा शाखा, की.न.पा.) सुरज ओझा, सु.प्र.अ.(की.न.पा.) परशुराम चौलागाईं तथा ना.सु.(की.न.पा.) दिलमाया कुँवर आदिको उपस्थिति रहेको थियो।

# कीनपा भवनमा स्तनपान कक्ष स्थापना




विश्व स्तनपान दिवसको उपलक्ष्यमा कीर्तिपुर नगरपालिका भवनमा स्तनपान कक्ष स्थापना गरेको छ। गत साउन २३ गते शुक्रवार कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले सो कक्षको उद्घाटन गर्नुभएको थियो। कीर्तिपुर नगरपालिकाको नयाँभवन अमल्सिमा स्थापना गरेको यस कक्षले सेवाग्राही महिलाहरूका साथै कर्मचारीहरूलाई समेत सहज रुपमा सुविधा उपलब्ध हुने नगरपालिकाका उप-प्रमुख सरस्वती खड्काले बताउनुभयो।

कार्यक्रममा कीर्तिपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख सन्तमान मानन्धरले उक्त कक्ष मापदण्ड अनुसार कै थप सुविधाहरू सहित आगामी दिनमा सहज रुपमा सञ्चालन गरिने जानकारी दिनुहुँदै कीर्तिपुर नगरपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरूमा समेत स्तनपान सूचना कक्षको व्यवस्थापन गरिएको जानकारी गराउनुभयो।

विश्व स्तनपान सप्ताह यस वर्ष २०७७ साउन १७ गते देखि २३ गते (१-७ अगस्ट २०२०) सम्म विभिन्न कार्यक्रमहरू गरी मनाइएको थियो।

**सूचना ! सूचना ! !**

**कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस "नगर सन्देश" बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।**

सम्पर्कको लागि
**कीर्तिपुर नगरपालिका भवन**
**फोनः ४३३११८९**
**ईमेल**
nagarsandes@gmail.com

# किपू नगरय् स्थानीय पाठ्यक्रम नेपालभासं ब्वंकेत सहलह

वंगु गुंलागा तृतिया (साउन २२ गते) बिहिवाः नेवाः वस्ति नेवाः स्कूल अभियानया कजि भाजु दिपक तुलाधरजुं किपू नगरपालिका प्रमुख भाजु रमेश महर्जनयात नापलानादीगु दु । किपू नगरपालिकाय् नापलानादिसें किपू नगरया स्कुलय् नं नेपालभाषाया माध्यमं व नेपालभाषा विषय ब्वंकेगु खँय् सहलह ब्याकादीगु दु । सहलहस किपू नगरपालिकाया उप-प्रमुख सरस्वती खड्का व स्थानीय पाठ्यपुस्तक निर्माण समितिया दुजः जीवन महर्जनया नं ब्वति दुगु खः ।

लुमंकेबहःजू, स्थानीय तहलय् स्थानीय भासं ब्वकेमाःगु नीति कथं यें महानगरपालिकाय् नकतिनि हे जक नेपाल भाषाया पाठ्यक्रम पारित जुइधुंकूगु दुसा किपू नगरपालिकाय् नं थ्व विषयस सहलह जुयाच्वंगु दु ।



## सहकारी संस्था एकीकरणका लागि सरोकारवालाहरूलाई सूचना

सहकारी सदस्य केन्द्रीत, सदस्य निर्देशित एवं समुदायमा आधारित सहकार्यात्मक परिपाटी हो । व्यक्तिहरूको आवश्यकताले संस्थाको र संस्थाहरूको आवश्यकताले संघहरूको जन्मलाई आधार प्रदान गर्ने हुँदा सहकारी संस्थाको यति नै सङ्ख्या हुनुपर्छ भनी यकीन गर्न कठीन छ । तथापि सङ्ख्यात्मक बढोत्तरीले मात्र सहकारी क्षेत्रको विश्वसनियता र उपस्थितिको सार्थकता पुष्टि गर्न नसक्ने कुरा भने पुष्टि भइसकेको छ । सानो कार्यक्षेत्रमा थोरै सदस्यको बीचमा सीमित शेयर पूँजी, न्यून बचत र कमजोर ऋण प्रदानको क्षमता सहित स्थापना भएका सहकारी संस्थाको कार्य सम्पादन प्रभावकारी र सन्तोषप्रद हुन सक्दैन । तसर्थ संघ/संस्थाको कार्य प्रभावकारीताका लागि सहकारी संस्थाहरू बीच एकीकरण गर्न जरुरी देखिन्छ । अतः कीर्तिपुर नगर पालिका सहकारी ऐन, २०७४ को दफा ६५ मा व्यवस्था भए बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरू बीच सम्बन्धित संस्थाको साधारण सभाको दुई तिहाई बहुमतबाट निर्णय गरी एकीकरण गर्न सकिने स्पष्ट कानुनी व्यवस्था छ । त्यसरी एकीकरण गरेमा सम्बद्ध संस्था र समग्र सहकारी अभियानका देहायको उद्देश्य पूरा हुन सक्छ । :-

• सबल र सक्षम संस्था निर्माण हुने • संस्थालाई पूँजी, भौतिक तथा मानवीय संशाधनद्वारा सक्षम र आत्मनिर्भर बनाउन सकिने • संस्थाको दिगो विकास र स्वायित्व कायम हुने • सदस्यहरूलाई प्रदान गर्ने सेवाको गुणात्मकता तथा परिमाणात्मकतामा बृद्धि हुने • एक व्यक्ति एक सहकारीको परिपाटी स्थापनामा सहयोग पुग्ने • सञ्चालन खर्चमा कटौती भई उत्पादन क्षेत्रमा लगानी बृद्धि हुने • संस्था आधुनिक प्रविधिले सम्पन्न हुने एवं व्यवसायिकीकरण तर्फ उन्मुख हुने • सहकारी क्षेत्रमा देखिएका विकृतिहरूमा सुधार हुने ।

**एकीकरण गर्न सकिने सहकारी संस्थाहरू:**

• कीर्तिपुर नगरपालिका भित्रका वा कार्य क्षेत्र जोडिएका एक भन्दा बढी सहकारी संस्थाहरू • फरक जिल्ला भए पनि कार्यक्षेत्र जोडिएका संस्थाहरू • सञ्चालन लागत घटाएर सदस्यहरूलाई बढी लाभ वितरण गर्न चाहने संस्थाहरू ।

तसर्थ, उल्लेखित उद्देश्यहरू पूरा गर्न सहकारी संस्थाहरूबीच एकीकरणको लागि आ–आफ्नो साधारणसभाको दुई तिहाई बहुमतबाट निर्णय गरी पूर्व स्वीकृतिका लागि यस कार्यालयमा निवेदन दिन एवं निर्धारित प्रक्रिया पुऱ्याई एकीकरण गरी सबल, सक्षम, सशक्त, व्यवसायिक तथा गुणात्मक संस्था निर्माणको अभियानमा लाग्न सरोकारवाला सबैलाई हार्दिक अनुरोध सहित यो सूचना गरिन्छ ।

**कीर्तिपुर नगर कार्यपालिकाको कार्यालय**

सहकारी शाखा, कीर्तिपुर, फोन नं. ०१ ५९००३६७

kirtipurmun.coop@gmail.com  http://www.kirtipurmun.gov.np

# जलख्य:तनय् सिमा पित



किपू नगरपालिका वडा नं. १० या जलख्य:तनय् सिमा प्यूगु (वृक्षारोपण) या:गु दु।

किपू नगरपालिकां नगरयात खाद्य सतक (Food Road) व हरित सतक (Green Road) दयेकेगु अवधारणा कथं थन सिमा पीगु ज्या या:गु ख:। थौं साउन २६ गते सुथय् जूगु ज्याझ्वलय् किपू नगरपालिकाया प्रमुख रमेश महर्जनं तेजपातया मां पिनां सिमा पीगुया उलेज्या यानादीगु ख:।

नगरपालिकाका उप-प्रमुख सरस्वती खड्का, १ नं. वडाया अध्यक्ष हर्ष महर्जन, २ नं. वडाया अध्यक्ष रमेशमान डंगोल, ९ नं. वडाया अध्यक्ष गंगाराम महर्जन, १० नं. वडाया अध्यक्ष अमन महर्जन व वडा दुज:पिंलिसें आपालं जनसमुदायं सिमा प्यूगु ख:।

१० नं. वडाया थ्व जलख्य: तं नं नकतिनि हे दयेके क्वचा:गु ख:सा अन तं थहाँ वने थाय् जवंखवं सिलुस्वांमा सहित तेजपात व तेबूमा प्यूगु ख:।

थ्वहे झ्वलय् कन्हय् साउन २७ गते किपू नगरपालिका वडा नं. ९ या नगांया त:फा:लँ (नगमंनिसें भत्क्यापाटी तकया लँ)य् नं अर्नामेण्ट प्लाण्ट (तिसा ब्वयेथें जा:गु सिमा) पीगु ज्याझ्व: दुगु जानकारी ब्यूगु दु। किपू नगरपालिकाया प्रमुख रमेश महर्जनं उलेज्या जुइगु सिमा पीगु ज्याझ्वलय् ब्वति कायेत नं इनाप या:गु दु। अथेहे वइगु साउन ३१ गते किपू नगरपालिका वडा नं. २ न्यामासिमाय् नं किपू डाँडाया न्याम्ह हे वडा अध्यक्षपिंसं न्यामा हे सिमा पीगु ज्याझ्व: दुगु २ नं. वडाअध्यक्ष डंगोलं जानकारी बियादीगु दु।

**सुचं ! सुचं !! सुचं !!!**

**किपू नगरपालिकाया ख्वा:पौ थुगु नगर सन्देश बुलेटिनयात कया: छुं नं कथंया सरसल्लाह व प्रतिक्रिया बियादीत इनाप यानच्वना।**

स्वापूया निर्तिं : **किपू नगरपालिका भवन ● फोन : ४३३११८९**
ई–मेल : nagarsandes@gmail.com


सांस्कृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवम् पर्यटकीय सहर।
स्वच्छ, हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर॥

## खाद्य सडक अवधारणा अन्तरगत
## वृक्षारोपण कार्यक्रम

२०७७/०४/३१ गते शनिवार (११४० गुंलागा एकादशी)

आयोजक
किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
वडा नं. २

स्थान : न्याम्ह सिमा, की.न.पा.-२



किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्या: 066/06८
च.नं.: ११

मिति : २०७७/०४/२३

**कीर्तिपुर नगरपालिका शिक्षा शाखाको रेडियो शिक्षा कार्यक्रम सम्बन्धमा अनुरोध**

आफ्ना हजारौं बालबालिकाहरुको शिक्षण सिकाई सहजीकरणका लागि कीर्तिपुर नगरपालिकाद्वारा निर्माण गरीअनक मिडिया-नेवा: एफ.एम.१०६.६ मार्फत प्रसारित रेडियो शिक्षा कार्यक्रम मिति २०७७असार २१ गुरु पूर्णिमा देखि आरम्भ भई२०७७श्रावण २३ सम्म सफलतापूर्वक सञ्चालन भएको व्यहोरा सबैमा अवगतनै छ। रेडियो मार्फत प्रत्यक्ष बाहेक पुन: प्रशारण र नगरपालिका शिक्षा शाखाको फेसबुक पेज तथा यूट्यूवमा समेत उपलब्ध भएको कारण हजारौं विद्यार्थीले सुनेको र राम्रो पृष्ठपोषण समेत प्राप्त भएको छ।

हालसम्ममा देशमा कोभिड-१९ कोरोना भाईरसका कारण गरिएको बन्दाबन्दी (लकडाउन) आंशिक रुपमा खुलिसकेको भएतापनि परिस्थिति अझ सहज नभईसकेको बरु संक्रमित संख्या बढिरहेको अवस्थामा यसको महत्व र आवश्यकता अझ टड्कारो देखिएको छ। तसर्थ यस पवित्र कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग गर्नहुने, सहजीकरण कक्षामा सहभागी हुनुहुने सबै शिक्षकवर्गमा यस शाखा हार्दिक धन्यवाद समेत ज्ञापन गर्दै आगामी २०७७ श्रावण २५ गते आइतबारका दिन देखि दोश्रो चरणको कार्यक्रम देहाय बमोजिम सञ्चालन हुने व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ।

**कीर्तिपुर नगरपालिकाद्वारा निर्मित तथा अनक मिडिया नेवा: एफ.एम. १०६.६ बाट प्रसारण हुने रेडियो शिक्षा कार्यक्रम**

**प्रसारण समय : हरेक दिन विहान ७:३० देखि ९ बजे सम्म**

| कक्षा | आइतबार | सोमबार | मंगलबार | बुधबार | विहीबार | शुक्रबार |
|---|---|---|---|---|---|---|
| ८ | नेपाली<br>शान्ता अधिकारी | अंग्रेजी<br>सुमित्रा महर्जन | गणित<br>प्रकाश अधिकारी | विज्ञान<br>लोचन भट्टराई | सामाजिक<br>मन्दिरा खड्का | नेपाली, गणित, विज्ञान, अंग्रेजी, सामाजिक आदि विषय सुधार गर्ने तरीका छलफल(विषय विज्ञ तथा अन्यसंग) |
| ९ | नेपाली<br>राजेश पुर्कोटी | अंग्रेजी<br>लिलाधर अधिकारी | गणित<br>राजेन्द्र पौडेल | विज्ञान<br>अंशु मानन्धर | सामाजिक<br>नारायण खतिवडा | |
| १० | नेपाली<br>केदार प्र.भण्डारी | अंग्रेजी<br>खेमनाथ सिटौला | गणित<br>हरि बहादुर थापा | विज्ञान<br>डम्बर पनेरु | सामाजिक<br>मीन ब. सिंह | |

विगतमा जस्तै विद्यार्थीवर्ग समक्ष रेडियो शिक्षा कार्यक्रम पुऱ्याउन प्रचार प्रसार कार्यमा सहयोग गरिदिनुहुन सबै प्रधानाध्यापकवर्ग, शिक्षकवर्ग, विद्यालय व्यवस्थापन समितिहरु, अभिभावकवर्ग तथा जनप्रतिनिधी एवं कर्मचारीवर्गहरुमा यस शाखा हार्दिक अनुरोध गर्दछ।

कीर्तिपुर नगरपालिका
शिक्षा शाखा
सम्पर्क नं : ४-३३३०२६

फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१, E-mail: ict.munkirtipur@gmail.com



**अरनिको हल :** कीर्तिपुर नगरपालिका वडा नं. २ स्थित नेपालभाषा एकेडेमीको अरनिको हलमा बनाइएको बाल्कोनी। नेपालभाषा एकेडेमीको यस अरनिको हललाई कीर्तिपुर नगरपालिकाले रु.१५ लाख खर्चेर स्तरोन्नति गरेको हो। *तस्बिर : ज्ञानकुमार महर्जन*

# कीनपाद्वारा नगरमा सञ्चालित बैंकहरूसँग छलफल

कीर्तिपुर नगरपालिकाले नगरमा सञ्चालन भइरहेका विभिन्न बैंकहरूसँग छलफल कार्यक्रम सम्पन्न गरेको छ। विशेषगरी नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आइरहेको सन्दर्भमा सो भत्ता बैंक मार्फत वितरण भैरहेकोले के कस्ता समस्याहरू आइरहेका छन् भन्ने विषयमा छलफल भएको थियो।

कीर्तिपुर नगरपालिका पञ्जिकरण शाखाको आयोजनामा भएको कार्यक्रममा नगपालिकाका प्रमुख रमेश महर्जन, नगरपालिकाका लेखा अधिकृत मित्र प्रसाद घिमिरेको पनि उपस्थिति रहेको थियो। हिजो साउन २५ गते आइतबार कीर्तिपुर नगर पालिकाको नयाँ भवन, अमल्सिमा भएको छलफलमा अधिकांश बैंकहरूले जेष्ठ नागरिकहरूलाई घरघरमै गई हातहात मै वितरण गर्दा नै सजिलो भएको बताएको थियो। कुनै कुनै वडाहरूसँगको समन्वयको अभावमा कीर्तिपुर भन्दा बाहिर समेत जानु परेको बैंकहरूले दुखेसो समेत पोखेका थिए।



कार्यक्रममा नयाँ आ.व.२०७७/०७८ को लागि सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकहरूसँग MOU को नवीकरण गर्नुका साथै नयाँ बैंक कुमारी बैंकसँग पनि MOU गरेको छ।

छलफलमा नेपाल ईन्भेष्टमेण्ट बैंक, कुमारी बैंक, एभरेष्ट बैंक, कृषि विकास बैंक, सिभिल बैंक आदिको सहभागीता थियो।

# वडा नं. ७ का विकास निर्माण कार्यको निरीक्षण भ्रमण गर्नुहुँदै नगर प्रमुख महर्जन




गत साउन २४ गते शनिबार। विदाको दिनमा पनि कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन नगरका विकास निर्माण कार्यको निरीक्षण भ्रमणमा व्यस्त हुनुभयो।

कीर्तिपुर नगरपालिका वडा नं ७ पूरै निरीक्षण भ्रमण गर्नु हुँदै सञ्चालन भैरहेको योजनाको जानकारी लिनु भयो भने सम्बन्धित स्थानमै बसेर आवश्यकतानुसार नयाँ योजना बनाउन थाल्नुभयो।

नगर प्रमुख महर्जनले भाजंगलमा (नगाउँबासीहरूको मसानको माथितिर) हालै स्थापित भगवान गौतम बुद्धको प्रतिमाको निरीक्षणबाट निरीक्षण भ्रमण शुरु गर्नुभएको थियो। यस प्रतिमा स्थलको लागि वडाबाट रु. ५ लाख रुपैंया सहयोग गरेको र त्यसबाट सो प्रतिमाको तलपट्टी एउटा कोठा पनि बनाएको वडा अध्यक्ष राजकुमार मालीले जानकारी गराउनु भयो। नगर प्रमुख महर्जनले भाजंगलका महर्जनहरूको बनिरहेको दाहसंस्कार गुथि भवनको पनि निरीक्षण गर्नुभयो भने त्यहाँबाट विष्णुदेवी मन्दिर, यरवःचा हुँदै स्टील ट्यांकीसम्मको बाटो फराकिलो गर्ने, ढल बनाउने र सडक पेटी बनाइरहेको कामको समेत निरीक्षण गर्नुभएको थियो।

कीर्तिपुर नगरपालिका वडा नं. ७ को उज्ज्वल स्कूलदेखि ११ मिटर चौडाइको दहन जाने बाटो बनाउने योजना सञ्चालन भैरहेको छ भने उक्त बाटोमा हाल रिटेनिङ्ग वाल (पर्खाल) बनाउने काम भैरहेको छ। निरीक्षण भ्रमणमा कीर्तिपुर नगरपालिका वडा नं १ का अध्यक्ष हर्ष महर्जन, वडा नं ७ का अध्यक्ष राजकुमार माली, वडा नं. ७ का सदस्यहरू राजकुमार महर्जन, प्रकाश महर्जनका साथै स्थानीय जनसमुदाय पनि सहभागी हुनुभएको थियो।



किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौं।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्या: ०७७/०७८
च.नं.: ०६

मितिः २०७७/०४/१४

**विषयः लेखा परीक्षण सम्बन्धमा।**

प्रस्तुत विषयमा यस कीर्तिपुर नगरपालिका अन्तर्गत सञ्चालित सबै सामुदायिक, संस्थागत विध्यालयहरु तथा शैक्षिक संस्थाहरुको आर्थिक वर्ष २०७५/०७६ देखि २०७६/०७७ सम्मको लेखा परीक्षण गर्न नेपाल चार्टड एकाउण्टेन्टस् संस्थामा दर्ता भएका लेखा परीक्षकहरुको इच्छा पत्र माग गर्ने निर्णय भएकाले ईच्छुक रजिष्टर्ड लेखा परीक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तपशिलका कागजपत्रहरु सहित कीर्तिपुर नगर शिक्षा शाखामा निवेदन/ आसयपत्र दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएको छ । साथै गत विगत वर्षमा यस नगरपालिकामा लेखापरीक्षण कार्य समयमै सम्पादन गर्नेलाई प्राथमिकता दिइने छ ।

**तपशिल**

१.सम्बन्धित व्यक्तिको निवेदन
२.लेखा परीक्षण दर्ता प्रमाणपत्रको प्रतिलिपि -१
३.करचुक्ता प्रमाण पत्रको प्रतिलिपि (नविकरण निसा सहित) -१
४.स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि -१
५.नागरिकता प्रमाण पत्रको प्रतिलिपि - १
६.नगरपालिकामा निवेदन दस्तुर तिरेको रसिद -१

ध्रुवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत



# वैष्णबी मा.वि.को भवन शिलान्यास




कीर्तिपुर नगरपालिका वडा नं. ७ भाजंगल स्थित वैष्णबी माध्यामिक विद्यालयको नयाँ भवनको शिलान्यास भएको छ । प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका नगर प्रमुख रमेश महर्जनले गत साउन २१ गते बुधवार सो भवनको शिलान्यास गर्नुभएको हो।

काठमाडौं जिल्ला आयोजना कार्यान्वयन इकाइ (शिक्षा) काठमाडौंको अनुदान सहयोगबाट चार कोठे दुई तल्ले भवन निर्माणका लागि गत असार ८ गते सोमबार दुई पक्ष बीच सम्झौता भएको थियो।

स्कुलको भवन शिलान्यास कार्यक्रममा भाजंगलका जेष्ठ नागरिक तथा विद्यालयका संस्थापक सदस्य रामहरि शर्माले बैदिक पुजा पाठ गर्नुभएको थियो । कार्यक्रममा केन्द्रीय जिल्ला आयोजना कार्यान्वयन इकाइका प्रतिनिधिहरू, कीनपा १ नं. वडा अध्यक्ष हर्ष महर्जन, ७ नं. वडा अध्यक्ष राजकुमार माली, पूर्व तथा वर्तमान विब्यस पदाधिकारीहरू, सहयोगी संस्थाका प्रतिनिधिहरू तथा विद्यालय परिवारको उपस्थिति रहेको थियो।

अनौपचारिक छलफलमा नगर प्रमुख महर्जनले लकडाउनका कारण अब निजी विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा विद्यार्थीहरूको चाप बढी हुने सम्भावना रहेको बताउनुभयो।



कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ ।
३ नं. प्रदेश, नेपाल ।

पत्र संख्या: ०७७/०७८
च.नं.: १०५

मिति: २०७७/०४/०६

**रोजगार सेवा केन्द्र**

**बेरोजगारी व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन पेश गर्ने बारेमा अत्यन्त जरुरी सूचना**

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ मा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न हुन चाहेमा १८ वर्षदेखि ५९ वर्षसम्मका इच्छुक बेरोजगार व्यक्तिले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन सम्बन्धित वडा कार्यालयमा २०७५ चैत्र मसान्त सम्ममा तोकेको ढाँचाको निवेदन पेश गर्नुहुन मिति २०७६/११/३० गते सूचना प्रकाशित भएको तर विश्वव्यापी महामारी कोभिड–१९का कारण सबै प्रक्रियाहरू स्थगित भएको अवस्थामा पुनः उक्त प्रकृया २०७७ श्रावण ८ गतेदेखि २०७७ भाद्र ७ गते सम्म कायम गरिएको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त फारम सबै वडा कार्यालयमा बिहान १० बजेदेखि दिउँसो ५ बजेसम्म निःशुल्क पाइने व्यहोरा पनि अवगत गराइन्छ । फारमसँगै तपसिल बमोजिमको कागजातहरू संलग्न गरी पेश गर्नु पर्नेछ ।


तपशिल

- नेपाली नागरिकताको प्रतिलिपी १ प्रति
- पासपोर्ट साईजको फोटो १ प्रति
- बसाई सराई गरेर आएको भएमा बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी १ प्रति
- शैक्षिक योग्यताको हकमा शैक्षिक प्रमाणपत्रको प्रतिलिपि (नभए अनिवार्य छैन १ प्रति)
- कुनै तालिम लिएको वा काम गरेको अनुभव भएमा सो को प्रतिलिपी १ प्रति

थप जानकारीको लागि
केदार बुढाथोकी
रोजगार संयोजक
कीर्तिपुर नगरपालिका, कीर्तिपुर
फोन नः ०१४३३१११०

नोटः आर्थिक वर्ष २०७७/०७८ का लागि न्युनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र १० गते सम्म बन्दाबन्दी शुरु हुनुभन्दा अगाडि नियमनुसार रोजगार सेवा केन्द्रमा निवेदन दिएका व्यक्तिले पुनः निवेदन दिई रहनु नपर्ने ।

ध्रुवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत




कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com